आज मिति २०७८।०२।१४ गते प्र.जि.अ. श्री चन्द्र बहादुर शिवाकोटी को अध्यक्षतामा जिल्ला कोभिड-१९ व्यवस्थापन समितिको देहायको उपस्थितिमा बैठक बसी देहायानुसार निर्णय गरियो ।

उपस्थिति

| | |
|---|---|
| श्री चन्द्र बहादुर शिवाकोटी , प्र.जि.अ. ,जि.प्र.का. | - अध्यक्ष |
| श्री चित्र बहादुर भट्टराई, प्र.ना.उ. ,जि.प्र.का, | - सदस्य |
| श्री खुम बहादुर के.सी., स.प्र.ना.उ. स.प्र.बल, नं. ४५ गुल्म | - सदस्य |
| श्री दिल बहादुर चौधरी प्र.प्र.अ., रा.अ.जि.का. | - सदस्य |
| श्री दिपेन्द्र बराल,सह-सेनानी | - सदस्य |
| श्री शोभा पौडेल, नि.जि.स.अ., | - सदस्य |
| डा. श्री कविर राज पौडेल ,नि.प्रमुख, स्वा.से.का. | - सदस्य |
| श्री गणेशप्रसाद कोइराला, स.प्र.जि.अ.,जि.प्र.का. | - सदस्य सचिव |

सल्लाहकार

श्री पूर्ण बहादुर रोकाया, प्रमुख, जि.स.स.

अन्य उपस्थिति

श्री हरिजङ्ग शाही - नगर प्रमुख, छायाँनाथ रारा नगरपालीका मुगु

श्री खडक बहादुर शाही - सभापति, नेपाली कांग्रेस

श्री जंग बहादुर शाही - प्रतिनिधि, उद्योग वाणिज्य संघ, मुगु

निर्णय नं १

कोभिड-१९ को रोकथाम र नियन्त्रणका सम्वन्धमा यस अघि का DCCMC वैठकले गरेका निर्णयहरु कार्यान्वयनको समिक्षा गरियो ।

निर्णय नं २

विश्व महामारीको रुपमा फैलिरहेको नयाँ भेरियन्ट सहितको कोभिड-१९ (कोरोना भाइरस) को संक्रमण यस जिल्लामा पनि दिंन प्रतिदिन तीव्र रुपले फैलिरहेको अवस्थालाई गम्भिरतापूर्वक लिदै, हुन सक्ने संक्रमणको फैलावट रोक्न प्रमुख जिल्ला अधिकारी ज्यू बाट मिति २०७८/२/१५ गते राति १२ वजे सम्म निषेधाज्ञा जारी गरिएकोमा पछिल्ला दिनहरुमा देखिएको संक्रमण दर घट्न नसकेको विश्लेषणका आधारमा उक्त निषेधाज्ञालाई मिति २०७८/२/२२गते राती १२ बजेसम्म(एक हप्ता थप) का लागि निरन्तरता दिन सिफारिस गर्ने ।

निर्णय नं ३

जिल्लामा तिव्र गतिमा फैलिरहेको नयाँ भेरियन्ट सहितको कोभिड-१९ को संक्रमणलाई रोकथाम तथा नियन्त्रण गर्न प्रमुख जिल्ला अधिकारी ज्यू बाट लागु गरिएको निषेधाज्ञालाई थप अनुशासित र मर्यादित बनाउन प्रत्येक स्थानीय तह, राजनितिक दल, गैरसरकारी संस्थाहरु, संचार माध्यम लगायतका सरोकारवाला निकायहरुले आ-आफ्नो तर्फबाट निषेधाज्ञामा उल्लेख भएका नियमहरु पालना गर्ने/ गराउने।

निर्णय नं ४

कोभिड-१९ संक्रामक रोगको यस जिल्लाभित्र फैलावटलाई विश्लेषण गर्दा यसको रोकथाम तथा नियन्त्रणको लागि स्थानीय तहहरुले एन्टिजेन परीक्षण को दायरालाई थप बढाउदै लैजाने, आम नागरिकले स्वाथ्यका मापदण्डहरु पालना गरे/ नगरेको सन्दर्भमा वडा समितिबाटै प्रत्यक्ष अनुगमन गर्ने/गराउने, होम आइसोलेसन सम्वन्धी नियमहरु पालना गरे नगरेको सम्वन्धमा कडाई गर्ने र प्रमुख जिल्ला अधिकारी ज्यूबाट जारि गरिएको निषेधाज्ञालाई पूर्ण रुपमा कार्यान्वयन गर्न/ गराउनमा थप कडाई गर्ने ।

निर्णय नं ५

नयाँ भेरियन्ट सहितको कोभिड-१९ को संक्रमण को जोखिम बढ्दै गइरहेकाले यसको रोकथाम तथा नियन्त्रणको लागि जिल्ला प्रशासन कार्यालय मुगु द्वारा जारी गरिएको निषेधाज्ञामा रोक नलगाइएका अत्यावश्क दैनिक उपभोग्य वस्तुहरु (खाद्यान्न, फलफूल, तरकारी, ग्याँस आदि) पसल तथा व्यवसायलाई विहान ९ देखि १२ वजे सम्म सञ्चालन गरिदै आएकोमा २०७८/२/१६ गते देखि लागु हुने गरी उक्त समयलाई विहान ९ देखि ११ बजेसम्म मात्र संचालन गराउने ।

निर्णय नं ६

नेपाल सरकार (मन्त्रिपरिषद) को मिति २०७८/२/१० को निर्णयानुसार कोभिड-१९ संकट व्यवस्थापन अध्यादेश, २०७८ को दफा ५ बमोजिम प्रमुख जिल्ला अधिकारीलाई कोभिड-१९ को प्रतिकार्य मुकरर गरिएको व्यहोरा बैठकमा जानकारी गराईयो ।